30th of May

यो आकाशवाणी हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

मुख्य समाचारहरुबाट

- कानपुरमा प्रधानमन्त्रीद्वारा सैतालीस हजार करोडभन्दा बढीको विकास योजनाको शुभारम्भ
- पुंछ भ्रमणमा गृहमन्त्री अमित शाहद्वारा विशेष राहत प्याकेजको घोषणा
- वित्त वर्ष 2024–25 मा वास्तविक जीडीपीमा 6.5 प्रतिसत वृद्धि हुने अनुमान
- अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा उत्तराखण्ड बन्‍यो योग नीति स्वीकृत गर्ने पहिलो भारतीय राज्य

फ्लोरेन्स नाइटिंगेल पुरस्कार–2025

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित एक विशेष समारोहमा 15 जना नर्सिङ पेशेवरहरूलाई राष्ट्रिय फ्लोरेन्स नाइटिंगेल पुरस्कार–2025 प्रदान गर्नुभएको छ। नर्सिङ सेवामा उहाँहरूको उत्कृष्ट योगदानको कदर स्वरूप यो पुरस्कार दिइएको हो।

कानपुरमा प्रधानमन्त्रीद्वारा सैतालीस हजार करोडभन्दा बढीको विकास योजनाको शुभारम्भ,

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको कानपुरमा आयोजित एक कार्यक्रममार्फत सैतालीस हजार 6 सय तिरात्तर करोड रुपैयाँभन्दा बढी लागतका 15 वटा मेगा विकास योजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुभयो। उहाँले चुन्नीगंजदेखि नयागंजसम्मको नयाँ मेट्रो कोरिडोरलाई पनि हरियो झण्डा देखाउँदै सुरुवात गर्नुभयो। जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले अपरेशन सिन्दूरको चर्चा गर्दै भन्नुभयो कि यसमार्फत विश्वले भारतीय चेलीहरूको आक्रोश र पीडा देख्यो, र भारतले पाकिस्तानभित्रका कैयौं आतंकी संरचनाहरू पूर्ण रूपमा ध्वस्त पार्‍यो। । उहाँले आतंकवादविरुद्ध भारतका तीन स्पष्ट सिद्धान्तहरू प्रस्तुत गर्नुभयो

— पहिलो, भारत हरेक आतंकी आक्रमणको निर्णायक जवाफ दिनेछ; दोस्रो, भारत कुनै पनि आणविक धम्कीको परवाह नगरी नीति निर्धारण गर्नेछ; र तेस्रो, भारत आतंकवादीहरू र तिनीहरूलाई आश्रय दिने सरकारहरूलाई एउटै दृष्टिकोणले हेर्नेछ।

प्रधानमन्त्री मोदीले अपरेशन सिन्दूरले भारतको स्वदेशी रक्षा क्षमताको प्रदर्शन गरेको उल्लेख गर्दै भन्नुभयो कि यसले 'मेक इन इन्डिया' को सफलताको परिचय विश्व सामु प्रस्तुत गरेको छ। ब्रह्मोस मिसाइललगायत देशमै निर्मित हतियारहरूले सटीक हमला गरी शत्रु पक्षमा ठूलो क्षति पुऱ्याएको जानकारी दिनुभयो। उहाँले यो क्षमता आत्मनिर्भर भारतप्रति प्रतिबद्धताको परिणाम भएको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्रीले कानपुरमा भएको विकास योजनाको सन्दर्भमा भन्नुभयो कि उत्तर प्रदेश अब ब्रह्मोस मिसाइल उत्पादन केन्द्र बन्नेछ, जसले अपरेशन सिन्दूरमा निर्णायक भूमिका निर्वाह गऱ्यो। उर्जाको आत्मनिर्भरता, मजबुत पूर्वाधार र सुदृढ कनेक्टिविटी अहिले उत्तर प्रदेशको औद्योगिक विकासका अनिवार्य आधार बन्न पुगेका छन्। कार्यक्रममा उपस्थित उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि देशको सुरक्षालाई प्राथमिकतामा राखिएको भन्दै शत्रुहरूलाई उनीहरूको भाषामा जवाफ दिइएको बताउनुभयो।

कार्यक्रममा सहभागी हुन अघि प्रधानमन्त्री मोदीले चकेरी विमानस्थलमा पहलगाम आतंकी आक्रमणमा शहीद भएका शुभम द्विवेदीको परिवारसँग भेट गर्नुभयो। byte.....

पुंछ दौरामा गृहमन्त्री अमित शाहद्वारा विशेष राहत प्याकेजको घोषणा, "अपरेशन सिन्दूर" मा पाकिस्तानका 9 एयरबेस नष्ट गरिएको खुलासा

केंद्रीय गृहमन्त्री अमित शाहले आज जम्मु–कश्मीरको पुंछ क्षेत्रको भ्रमण गर्दै "अपरेशन सिन्दूर" को क्रममा पाकिस्तानबाट भएको गोला वर्षाका पीडितहरूका लागि विशेष राहत प्याकेजको घोषणा गर्नुभएको छ। गृहमन्त्री शाहले सीमावर्ती क्षेत्रहरूमा हाल रहेको 90 हजार भूमिगत बंकरहरूको संख्या थप बढाइने जानकारी दिँदै, त्यहाँ बसोबास गर्ने नागरिकहरूको सुरक्षालाई अझ सुदृढ बनाउन थप कदम चालिने बताउनु भएको छ। गोलाबारीमा ज्यान गुमाएका व्यक्तिहरूका परिवारलाई नियुक्तिपत्र वितरण गरेपछि पुंछमा आयोजित एक सभालाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो, “प्रशासनले हाल प्रभावित क्षेत्रको क्षतिको मूल्याङ्कन गरिरहेको छ र संघीय सरकारले पीडित परिवारहरूलाई सक्दो सहायता उपलब्ध गराउनेछ।” उहाका अनुसार, "अपरेशन सिन्दूर" को क्रममा भारतीय सुरक्षाबलहरूले सीमा पार रहेका आतंकी संरचनाहरू मात्र होइन, पाकिस्तानका नौवटा एयरबेसहरू पनि ध्वस्त पारेका थिए, जसपछि पाकिस्तानले संघर्षविरामको आग्रह गऱ्यो।

वित्त वर्ष 2024–25 मा वास्तविक जीडीपीमा 6.5 प्रतिसत वृद्धि हुने अनुमान

वित्त वर्ष 2024–25 मा देशको वास्तविक सकल घरेलु उत्पाद (जीडीपी) मा 6 दशमलव 5 प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ। यही वर्षको अन्तिम त्रैमासिकमा वास्तविक जीडीपीमा 7 दशमलव 4 प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयका अनुसार, हालको मूल्यमा जीडीपीमा 9 दशमलव 8 प्रतिशतको वृद्धि देखिएको छ। अघिल्लो वित्त वर्षमा निर्माण क्षेत्रले 9 दशमलव 4 प्रतिशतको अनुमानित वृद्धिसहित अर्थतन्त्रमा मुख्य योगदान दिएको थियो। वित्त वर्ष 2024–25 को अवधिमा लोक प्रशासन, रक्षा तथा अन्य सेवा क्षेत्रमा 8 दशमलव 9 प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ। त्यस्तै, वित्तीय, रियल इस्टेट तथा व्यावसायिक सेवा क्षेत्रमा 7 दशमलव 2 प्रतिशतको वृद्धि भएको देखिएको छ। स्थिर मूल्यमा वास्तविक जीडीपी यो वर्ष 1 लाख सत्तासी लाख सन्तानब्बै हजार करोड रुपैयाँसम्म पुग्ने अनुमान गरिएको छ, जबकि  जीडीपी (हालको मूल्यमा) 30 लाख अडसठ हजार करोड रुपैयाँसम्म पुग्ने अपेक्षा गरिएको छ।

*Usha Sharma*

आकाशवाणी गान्तोककी वरिष्ठ समाचारवाचिका उषा शर्मा आफ्नो 35 वर्ष लामो सेवापछि सेवानिवृत्त हुनुभएको छ। आकाशवाणी गान्तोकले आज एक कार्यक्रम आयोजना गरी श्रीमती शर्मालाई अभिनन्दन गरी ससम्मान बदाई दिएको छ। कार्यक्रममा क्षेत्र प्रमुख निरज पाण्डे, कार्यक्रम प्रमुख विनोद शर्मा तथा समाचार एकांश प्रमुख मानस प्रतिम शर्माले श्रीमती शर्माको योगदानबारे बताउनु भयो। स्मरण रहोस् श्रीमती शर्माले सन् 1990 देखि आकाशवाणी गान्तोकका श्रोतालाई आफ्नो सुमधुर स्वरमा समाचारसहित अन्य सूचनामूलक कार्यक्रम प्रस्तुत गर्दै आउनु भएको थियो।

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा उत्तराखण्डले बनायो योग नीति स्वीकृत गर्ने पहिलो भारतीय राज्य

प्रत्येक वर्ष जुन 21-मा अन्तर्राष्ट्रिय योग दिवस प्राचीन सांस्कृतिक सम्पदाको उत्सवका रूपमा मनाइन्छ। आध्यात्मिक धरोहर र तीर्थस्थलहरूको भूमिका रूपमा परिचित उत्तराखण्ड अहिले 'योगको भूमि' को रूपमा स्थापित हुँदै गएको छ। ऐतिहासिक पहलस्वरूप, उत्तराखण्ड भारतको पहिलो यस्तो राज्य बनेको छ जसले आधिकारिक रूपमा समर्पित योग नीतिलाई स्वीकृति दिएको छ।

भारतले एआई क्षेत्रमा गऱ्यो उल्लेखनीय प्रगति, स्टार्टअप र अनुसन्धानकर्ताका लागि 16 हजार GPU सुविधा घोषा

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले भारतमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताउनुभएको छ। आज नयाँ दिल्लीमा आयोजित 'इन्डिया एआई मिसन : मेक एआई इन इन्डिया - मेक एआई फर इन्डिया'

कार्यक्रममा बोल्दै उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको चाहना, प्रविधि, केही  व्यक्तिमा मात्र सीमित नहोस्, तर प्रत्येक नागरिकसम्म पुग्नुपर्छ भन्ने रहेको स्पष्ट पार्नुभयो। उहाँले एआई कम्प्युट सेवा विस्तारको दोस्रो चरणको घोषणा गर्दै स्टार्टअप, अनुसन्धानकर्ता र विद्यार्थीहरूका लागि 16 हजार ग्राफिक्स प्रोसेसिंग युनिट (GPU) उपलब्ध गराउने जानकारी दिनुभयो।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- कानपुरमा प्रधानमन्त्रीद्वारा सैतालीस हजार करोडभन्दा बढीको विकास योजनाको शुभारम्भ
- पुंछ भ्रमणमा गृहमन्त्रीद्वारा विशेष राहत प्याकेजको घोषणा
- वित्त वर्ष 2024–25 मा वास्तविक जीडीपीमा 6.5 प्रतिसत वृद्धि हुने अनुमान
- अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा उत्तराखण्ड  बन्‍यो योग नीति स्वीकृत गर्ने पहिलो भारतीय राज्य